आज मिति २०८०/०९/०४ गतेका दिन यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष एवम् स्थानिय विपद व्यवस्थापन. समितिका संयोजक श्री रिङजीन नामगेल गुरुङ ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका उपस्थितिहरुमा बैठक बसी निम्न बमोजिमको निर्णय गरियो।

<u>उपस्थितिः</u>

अध्यक्ष,श्री रिङजीन नामगेल गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा संयोजक

उपाध्यक्ष,श्री ढिकि गुरुङ, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

प्रमुख प्रशासकीय अधिकृत,श्री होम बहादुर थापा मगर,वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक,सुरेन्द्र गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

वडा नं ४ वडाध्यक्ष, कर्म घ्याचो गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

कागबेनी प्रहरी प्रमुख,रेख बहादुर थापा, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

योजना शाखा प्रमुख,प्रेम प्रसाद भट्टराई, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

प्रविधिक शाखा प्रमुख,पुस्पराज जोशी, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

विपद् व्यवस्थापन शाखाको फोकल पर्सन,दिबस सापकोटा, वारागुङ मुक्तिक्षेत्र गा.पा (सदस्य सचिव )

<u>अन्य उपस्थिति</u>

स्वास्थ्य शाखा संयोजक,खगेन्द्र बोहोरा, वारागुङ मुक्तिक्षेत्र गा.पा

वरिष्ठ कविराज निरक्षक,जनार्दन आचार्य, वारागुङ मुक्तिक्षेत्र गा.पा

निर्णय नं. १ मिति २०८०/०४/२८ गते यस बारागुड मुक्तिक्षेत्र गा.पा. को वडा नं. ४ स्थित कागखोलामा आएको बाढिको कारण प्रभावित बाढिपिडितहरुलाई राहत प्रदान गर्ने प्रयोजनार्थ यस पालिकाले तपशिल अनुसार गरेको आह्वान/अनुरोध पश्चात *स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता बारागुड मुक्तिक्षेत्र गा.पा. मा* जम्मा/संकलन हुन आएको रकम प्रभावित परिवारहरुको लागी नगद राहत रकम वितरण गर्न *बारागुड मुक्तिक्षेत्र गाउँपालिकाको नगद राहत स्वरुप संकलित रकम वितरण कार्यविधी, २०८० को दफा ७(क)* वमोजिम नगद सहायता कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

वारागुड मुक्तिक्षेत्र गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०८०/०८१
च.नं.

मिति: २०८०/०४/३१

**उद्धार कार्यका लागी आवश्यक सहयोग सम्बन्धमा वारागुड मुक्तिक्षेत्र गाउँपालिकाको अनुरोध ।**

मिति २०८०/०४/२८ गते साँझ करिव ७ वजे कागवेनी गाउँको विचवाट बग्ने कागखोलामा एक्कासी आएको अकल्पनीय वाढि पहिरोले यस वारागुड मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ४ स्थित कागवेनीमा २९ वटा घर पूर्ण क्षति, १३ वटा घर र जनशान्ति मा.वि. भवन आंशिक क्षति, २ पाङ्ग्रे १६ वटा र ४ पाङ्ग्रे २ वटा गरि १८ वटा सवारी साधन,१ वटा स्काभेटर, कागवेनी-माथिल्लो मुस्ताङ जोड्ने पक्कि मोटरेवल पुल १ वटा, कागवेनी-तिरी जोड्ने झो.पु. १ वटा, काठेपुल ३ वटा, सानो पक्की पुल १ वटा, ९ वटा गोठ सहित लगभग ३२ वटा चौपाया, वडा नं. ४ को कार्यालय, ईलाका प्रहरी चौकी, कागवेनी श्राद्धस्थलको मन्दिर तथा आवास समेत वगाएर यस क्षेत्रका स्थानीय वासीहरुको भौतिक संरचनामा पुऱ्याएको करोडौंको क्षतिप्रति सिङ्गो गाउँपालिका परिवार दुःख व्यक्त गर्दछ। विपदको यस घडिमा राहत तथा उद्धार कार्यमा आ-आफ्नो तह र तप्कावाट सक्दो आर्थिक तथा भौतिक सहयोगका लागी संघ, प्रदेश र स्थानीय सरकार, मातहतका निकाय लगायत सवै सरकारी तथा गैरसरकारी संघ संस्था एवं देश विदेशमा रहनुहुने सम्पुर्ण आमावुवा, दाजुभाई, दिदिवहिनीहरुमा वारागुड मुक्तिक्षेत्र गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

२०८०/०४/२९

रिडजीन नामग्येल गुरुङ एवं सम्पूर्ण गाउँपालिका परिवार

आर्थिक सहयोगका लागी:

| क.स. | खाता | खाता नं. | बैङ्क खाताको QR कोड |
|---|---|---|---|
| १ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता बारागुड मुक्तिक्षेत्र गा.पा.( GA-7.2 STHANIYA TAHA PRAKOP VYABASTHAPAN KOSH KHATA BARAGUNG MUKTIKSHETRA GA.PA) | २०८०१५१४१२७००२२१ (प्रभु बैङ्क लि.) | GA 7.2 STHANIYA TAHA PRAKOP VYABASTHAPAN KOSH KHATA BARAGUNG MUKTIKSHETRA GA.PA Terminal : 2222080013365418 Bank Branch : JOMSOM BRANCH |

Website: https://varagungmuktichhetramun.gov.np/
email: info@varagungmuktichhetramun.gov.np, baragaunmuktichhetra@gmail.com Phone : 069-421003,9857636555

निर्णय नं. २ बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ४ कागवेनी स्थित कागखोलामा आएको बाढिको कारण प्रभावित तपशिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्याल, गाउँ विपद व्यवस्थापन समितिलाई बिभिन्न संघ संस्थाहरुबाट वस्तुगत सहायता स्वरुप प्राप्त भएको टेन्ट तपशिल अनुसार वितरणका गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | सामाग्री | एकाई | परिमाण | बुझिलिने व्यक्ति/संस्था | |
|---|---|---|---|---|---|
| १ | टेन्ट | थान | ३ | मिलन युवा क्लव, कागवेनी। | |
| २ | टेन्ट | थान | १ | कागवेनी महिला समूह,कागवेनी। | |
| ३ | टेन्ट | थान | १ | काग छोदे गुम्वा, कागवेनी। | |
| ४ | टेन्ट | थान | १ | कागवेनी समाजघर। | |
| ५ | टेन्ट | थान | १ | टसी आङ्मो गुरुङ | |
| ६ | टेन्ट | थान | १ | चन्द्रे लामा | |
| ७ | टेन्ट | थान | १ | तेन्जिङ नामगेल गुरुङ | |
| ८ | टेन्ट | थान | १ | आङ्जेन गुरुङ | |
| ९ | टेन्ट | थान | १ | पेमा छिरिङ गुरुङ | |
| १० | टेन्ट | थान | १ | छिमी गुरुङ | |
| ११ | टेन्ट | थान | १ | कृष्ण घ्युर्मे गुरुङ | |
| १२ | टेन्ट | थान | १ | छुची ल्हामो गुरुङ | |
| १३ | टेन्ट | थान | १ | युङडुक गुरुङ | |
| १४ | टेन्ट | थान | १ | रिङजीन साङ्वो गुरुङ | |
| १५ | टेन्ट | थान | १ | कर्म आङ्ग्याल गुरुङ | |
| जम्मा वितरण गरिने टेन्ट १७(सत्र) थान मात्र। | | | | | |

रिङजीन नामगेल गुरुङ
अध्यक्ष
बारागुङ मुक्तिक्षेत्र गाउँपालिका

CamScanner